*स्थानीय तहको निर्वाचन २०७४*



# भूमिहीन, मोही र साना किसानको भोट कसलाई ?

**पार्टीका घोषणापत्र पढौं ।**

**उम्मेदवारको विचार र योजना सोधौं ।**

## निर्वाचनमा भाग लिने पार्टी र उम्मेदवारलाई सोधौं

- भूमिहीन, मोही र साना किसानका लागि कस्ता नीति ल्याउनु हुन्छ ?
- विदेशिएका युवालाई खेतिपातीमा ल्याउन कस्तो सोच छ ?
- भरपेट, सन्तुलित र विषादिरहित खानेकुराका लागि के योजना छन् ?
- गाउँ या नगरपालिकामा खेतीपाती सुधार्न के कस्तो व्यवस्था गर्नुहुन्छ ?

## उपयुक्त उमेदवारलाई मतदान गरौं

## असल सोच र व्यवहारसँगै उम्मेदवार यस्तो होस्

- माथिका प्रश्नको सकारात्मक र चित्तबुझ्दो जवाफ देओस्,
- बँधुवा कृषि मजदुर (जस्तै हरुवाचरुवा, हलिया, कमलरी) नराखेको अनि प्लटिङ वा जग्गा दलालीमा संलग्न नभएकोहोस,
- खेतिपाती र श्रमको सम्मान गर्ने सकेसम्म आफैं किसान होस्,
- आफ्नो क्षेत्रको पर्यावरण, स्वास्थ्य शिक्षा जस्ता विषय प्राथमिकतामा राख्ने होस्

## सबैले विचार गरौं

- ✓ रसायन, विषादि र प्लाष्टिकले प्रदूषित खेतिपाती, विषाक्त खानेकुरा, यसले स्वास्थ्यमा देखिएका जटिलता, कहालिलाग्दो खाद्यान्नको आयात, प्रकृतिको अति दोहन, भूमिको खण्डीकरण र भूउपयोगको बेथिति कृषि क्षेत्रका जल्दाबल्दा स्थानीय समस्या हुन् । यी क्षेत्रमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपाय खोज्ने उपयुक्त थलो स्थानीय सरकार नै हो । यो कुराको मर्म बुझ्ने जनप्रतिनिधिले मात्र यसतर्फ सचेतता पूर्वक योजना बनाउने र लागु गर्ने प्रयास गर्छ ।
- ✓ भूउपयोगका क्षेत्र निर्धारण, खेतियोग्य कृषि जमिनको सीमांकन र पुनउपयोगको योजना बलियो स्थानीय निकाय र जनताले साथ दिएको प्रतिबद्ध जनप्रतिनिधिको अठोटले मात्र सम्भव हुन्छ ।
- ✓ धेरै भन्दा धेरै किसानलाई स्थानीय सरकारमा पठाऔं । उनीहरुले जति माटो र मानव स्वास्थ्य तथा दिगो कृषिको मर्म अरुले बुझ्दैनन् । त्यसमा पनि महिलाहरु कृषि कर्मका बलिया खम्बा हुन् । स्थानीय तहमा महिलाहरुको प्रभावशाली उपस्थितिले माटो, मानव स्वास्थ्य, स्वच्छ खेतिपाती र स्वस्थ्य खानाको मर्म आत्मसात गर्न गराउन सबैमा उत्प्रेरणा जगाउने कुरामा कुनै दुविधा छैन ।
- ✓ **हाम्रा मात्र हैन राम्रा** कार्यकर्तालाई उमेदवार बनाउन दबाव दिऔं । सक्षम र योग्य उम्मेदवारलाई मात्र जिताऔं । स्थानीय जनप्रतिनिधि छनौट गर्ने यो दुर्लभ अवसरलाई सदुपयोग गरौं ।

**राष्ट्रिय भूमि अधिकार मञ्च, राष्ट्रिय कृषक समूह महासंघका साथ**
**खाद्यका लागि कृषि अभियान र यसका अन्य सदस्यहरु**

*खाद्यका लागि कृषि अभियान महिला, साना र भूमिहीन किसानका खाद्य, भूमि, कृषि र जलवायु जोखिम जस्ता सवालहरुमा कार्यमूलक अनुसन्धान, नीतिगत बहस र जनवकालतमा हातेमालो गर्ने उत्पादक किसान संगठनहरु, गैरसरकारी संस्था र नागरिक समाजको साझा मञ्च हो । यो अभियान सबै नागरिकको स्वच्छ र स्वस्थ खानाकालागि दिगो कृषि विकासमा समर्पित छ ।*